# गणपति माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको

## तेस्रो वार्षिक साधारण सभाको विवरण निर्णयहरु

### सभाको वैधानिकता

यो सभा कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावली अनुसार सञ्चालक समितिको २०७६ साल कार्तिक २९ गते बसेको बैठकले तोकेबमोजिम मिति २०७६ साल पौष ४ गतेको लागि बोलाइएको हो । सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को (२) अनुसार र संस्थाको नियमावलीको नियम १८ (३) बमोजिम तेस्रो वार्षिक साधारण सभाको सूचना पठाइएको र कम्पनी ऐन २०६३ को दफा ७३ तथा संस्थाको नियमावलीको नियम २३ अनुसार गणपूरक संख्या पुगेकाले सभा बैधानिक भएको कुरा कम्पनी सचिवले सभामा जानकारी दिनुभयो र सभाको सभापतित्व ग्रहण गर्न सञ्चालक समितिका अध्यक्ष श्री युवराज भण्डारीलाई अनुरोध गर्नुभयो ।

### सभाको मिति, समय र स्थान :

मिति : २०७६ साल पौष ४ गते शुक्रबार ।
समय : दिउँसो ३ :०० बजे
स्थान : जंगल पार्क रिसोर्ट, शुक्लागण्डकी न.पा. -३, तनहुँ ।

### सभाको सूचना प्रकाशन

कम्पनी ऐन २०६३ को दफा ६७ (२) अनुसार संस्थाको तेस्रो वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरुको विवरण खुलाएर शेयरधनीहरुलाई वहाँहरुको व्यक्तिगत ठेगानामा यथासमयमा पठाएको साथै सोही व्यहोराको सूचना मिति २०७६ साल मंसिर २ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा तथा पत्रिकामा मिति २०७६ मंसिर ६ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो ।

### साधारण सभाको विषयसूची :

**क सामान्य प्रस्तावहरु**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. २०७६ साल आषाढ मसान्त सम्मको लेखा परिक्षकको प्रतिवेदन र वासलात सहित आ.व. २०७५/२०७६ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।

३. संचालक समितिबाट प्रस्ताव गरिएको रु. ३,८१,३१५.७९ (अक्षरेपी रु. तिन लाख एकासी हजार तिन सय पन्ध्र रुपैया पैसा उनान्असी मात्र) नगद लाभाँस बोनश शेयरको कर प्रयोजनको लागी पारित गर्ने ।

४. सर्वसाधारण शेयरधनीहरुका तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

५. लेखा परिक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०७६/२०७७ को कारोवारको लेखापरिक्षण गर्नको लागि लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख विशेष प्रस्तावहरु**

१. संचालक समितिबाट प्रस्ताव गरे अनुसार चुक्ता पुँजीको ७ प्रतिशतले हुने रु. ७२,४५,०००/- (अक्षरेपी रु. बहत्तर लाख पैंतालीस हजार मात्र) बोनश शेयर वितरण गर्न स्वीकृती प्रदान गर्ने ।

२. बोनश शेयर जारी पश्चात कायम हुन आउने जारी तथा चुक्ता पूँजी रु. ११,०७,४५,०००/-(अक्षरेपी रु. एघार करोड सात लाख पैंतालीस हजार मात्र) को ५० प्रतिशत अर्थात २:१ को अनुपातमा हकप्रद शेयर

जारी गर्ने । हकप्रद शेयर जारी गर्दा आउने भिन्न अंक (Fraction) लाई माथिल्लो पूर्ण अंकमा आवेदन दिन पाउने गरी जारी गर्ने र यसरी जारी गर्दा चुक्तापूजी बृद्धि हुने भएमा आगामी वार्षिक साधारण सभाबाट सो अनुमोदन गराउने गरी नेपाल धितोपत्र बोर्डमा दर्ता गरी कम्पनी रजिष्टारको कार्यालयमा अभिलेख गराउने । साथै, हकप्रद शेयर जारी गर्दा आइपर्ने सम्पूर्ण कार्यहरुका लागी संचालक समितिलाई पूर्ण अख्तियारी दिने ।

३. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीको दफा तथा नियम १ कम्पनीको नाम, प्रबन्धपत्रको दफा ६ (ख) र (ग) वित्तीय संस्थाको पूँजीगत संरचना तथा नियमावलीको नियम ३२ (१) (ख) (ग) संचालकको पारिश्रमिक, भत्ता र सुविधा संशोधन गर्ने सम्वन्धि विशेष प्रस्ताव छलफल गरी पारितगर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट स्वीकृत गराउने क्रममा कुनै थपघट गर्न वा सच्याउन वा फेरबदल गर्नुपर्ने भएमा सो कार्यको लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

४. संस्थाले एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने तथा प्राप्ती गर्ने वा प्राप्ती हुन जाने प्रयोजनका लागि उपयुक्त लघुवित्त संस्थाहरु पहिचान गर्ने, समभ्रदारीपत्रमा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तीक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ती तथा दायित्वहरुको मुल्याङ्कन गर्न परामर्शदाता, मुल्याङ्कनकर्ता, लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने तथा Acquisition/Merger सँग सम्वन्धी अन्य आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव गर्ने ।

५. रेमिट्यान्स सम्वन्धी कारोवार गर्न वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा उद्देश्य थप गरी संशोधन गर्ने ।

**ग विविध**

१. रिक्त संचालकहरुको पदपूर्ति अनुमोदन गर्ने लगायतका अन्यकेही भएमा पारित गर्ने ।

**उपस्थिति :**

**सञ्चालकहरुको उपस्थिति :**

श्री युवराज भण्डारी — अध्यक्ष
श्री दिनेश लाल श्रेष्ठ — सञ्चालक (प्रतिनिधी – गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.)
श्री इन्द्र बहादुर अधिकारी — सञ्चालक
श्री अर्चना प्रधान — सञ्चालक (प्रतिनिधी – गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.)
श्री शिवराज भण्डारी — सञ्चालक (प्रतिनिधी – गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.)

**पदाधिकारीहरुको उपस्थिति :**

श्री अच्यूत राज सापकोटा प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

**गणपूरक संख्या :**

संस्थापक शेयरधनीको संख्या : २१
सर्वसाधारण शेयरधनीको संख्या : २५,५९१

| विवरण | कुल संख्या | स्वयं उपस्थित | प्रतिनिधिद्वारा उपस्थित | जम्मा उपस्थित | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| **शेयरधनीको संख्या** | २५,६१२ | १३ | १४ | २७ | **०.१०५४** |
| **शेयर संख्या** | १०,३५,००० | ३,४६,३२२ | १,९९,२१७ | ५,४५,५३९ | **५२.७१** |

## सभा सञ्चालन र प्रतिवेदन प्रस्तुति

सञ्चालक समितिका अध्यक्ष तथा तेस्रो वार्षिक साधारण सभाका सभापति श्री युवराज भण्डारीले तेस्रो वार्षिक साधारण सभा प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नुभयो र उक्त प्रतिवेदन माथि छलफल गर्न तथा सुझाव दिन अनुरोध गर्नुभयो ।

## संचालकहरुको निर्वाचन

सर्वसाधारणको तर्फबाट प्रतिनिधित्व गर्ने दुई जना संचालकको निर्वाचन गर्ने सम्बन्धमा यस वित्तीय संस्थाको संचालक निर्वाचन कार्यविधि बमोजिम संचालक निर्वाचन कार्यक्रम राखिएकोमा साधारण शेयरधनीहरु मध्य दुई जनाको मात्र उमेदवारी परेको र सोहि कार्यविधिको व्यवस्था बमोजिम उहाँहरु श्री सजल मास्के, काठमाडौ तथा श्री प्रकाश खरेल नुवाकोट निर्विरोध निर्वाचित हुनु भएको व्यहोरा सभा समक्ष निर्वाचन अधिकृत श्री चिरन्जिवी कोइराला ज्यूले जानकारी गराउनु भयो ।

## सभामा बोल्ने वक्ताहरु

सभामा अधिकांश शेयरधनीहरुले संस्थाको कार्य क्षेत्र विस्तार गर्नु पर्ने, जोखीम न्यूनिकरण तथा गुणस्तरमा ध्यान दिनु पर्ने लगायतका राय सुझावहरु व्यक्त गर्नुभयो ।

## तत्पश्चात सभाले तल उल्लेख गरे बमोजिमका निर्णयहरु गर्‍यो ।

**सभाको निर्णय :**

**क सामान्य प्रस्तावहरु उपरको निर्णय**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु भएको आर्थिक वर्ष २०७५/२०७६ को बार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

२. २०७६ साल आषाढ मसान्त सम्मको लेखा परिक्षकको प्रतिवेदन र वासलात सहित आ.ब. २०७५/२०७६ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु पारित गर्न सभा समक्ष प्रस्ताव पेश हुँदा सर्वसम्मतिले पारित गरियो ।

३. संचालक समितिबाट प्रस्ताव गरिएको रु. ३,८१,३१५.७९ (अक्षरेपी रु. तिन लाख एकासी हजार तिन सय पन्ध्र रुपैंया पैसा उनानुअसी मात्र) नगद लाभाँस बोनश शेयरको कर प्रयोजनको लागी पारित गरियो ।

४. सर्वसाधारण शेयरधनीहरुका तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको निर्वाचन गर्न प्रयोजनको लागी तोकिएको निर्वाचन कार्यक्रम मार्फत श्री सजल मास्के तथा श्री प्रकाश खरेलको मात्रै मनोनयन दर्ता भएको र निजहरु निर्विरोध निर्वाचित हुनुभएको व्यहोरा निर्वाचन अधिकृतमार्फत सभा समक्ष जानकारी भइसकेको परिपेक्ष्यमा दुवै निर्वाचित माहनुभावहरु काठमाडौं बस्ने श्री सजल मास्के तथा नुवकोट बस्ने श्री प्रकाश खरेल लाई आगामी चार वर्ष सम्मका लागी संचालक पदमा निर्वाचित गरीयो ।

५. लेखा परिक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०७६/२०७७ को कारोवारको लेखापरिक्षण गर्नको लागि लेखापरिक्षक PYC & Associates, Chartered Accountants काठमाडौंलाई बार्षिक मु.अ.क. बाहेक ७५ हजार पारिश्रमीक तथा प्रति व्यक्ति दैनिक भ्रमणभत्ता २,५००/- र बास्तविक बसभाडा

खर्च उपलब्ध गराउने गरी नियुक्त गर्ने प्रस्ताव सभा समक्ष पेश हुँदा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**ख** **विशेष प्रस्तावहरु उपरको निर्णय**

१. संचालक समितिबाट प्रस्ताव गरे अनुसार चुक्ता पुँजीको ७ प्रतिशतले हुने रु. ७२,४५,०००/- (अक्षरेपी रु. बहत्तर लाख पैंतालीस हजार मात्र) बोनश शेयर वितरण गर्ने प्रस्ताव सभा समक्ष पेश हुँदा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

२. बोनश शेयर जारी पश्चात कायम हुन आउने जारी तथा चुक्ता पूँजी रु. ११,०७,४५,०००/-(अक्षरेपी रु. एघार करोड सात लाख पैंतालीस हजार मात्र) को ५० प्रतिशत अर्थात २:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने । हकप्रद शेयर जारी गर्दा आउने भिन्न अंक (Fraction) लाई माथिल्लो पूर्ण अंकमा आवेदन दिन पाउने गरी जारी गर्ने र यसरी जारी गर्दा चुक्तापूजी वृद्धि हुने भएमा आगामी वार्षिक साधारण सभाबाट सो अनुमोदन गराउने गरी नेपाल धितोपत्र बोर्डमा दर्ता गरी कम्पनी रजिष्टारको कार्यालयमा अभिलेख गराउने र हकप्रद शेयर जारी गर्दा आइपर्ने सम्पूर्ण कार्यहरुका लागी संचालक समितिलाई पूर्ण अख्तियारी दिने प्रस्ताव सभा समक्ष पेश हुँदा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

३. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीको दफा तथा नियम १ कम्पनीको नाम, प्रबन्धपत्रको दफा ६ (ख) र (ग) वित्तीय संस्थाको पूँजीगत संरचना तथा नियमावलीको नियम ३२ (१) (ख) (ग) संचालकको पारिश्रमिक, भत्ता र सुविधा संशोधन गर्ने सम्वन्धि विशेष प्रस्ताव छलफल गरी पारितगर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट स्वीकृत गराउने क्रममा कुनै थपघट गर्न वा सच्याउन वा फेरबदल गर्नुपर्ने भएमा सो कार्यको लागि संचालक समितिलाई अख्तियारी दिने सम्वन्धी प्रस्ताव सभा समक्ष पेश हुँदा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

## संशोधन सम्बन्धी पूर्ण विवरण निम्न अनुसार रहेकोछ ।

| दफा | हाल भएको व्यवस्था | संशोधनका लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| प्रबन्धपत्र तथा नियमावलीको दफा तथा नियम १ | **कम्पनीको नाम:** यस कम्पनीको नाम"गणपति माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा Ganapati Microfinance Bittiya Sanstha Limited भनिनेछ । जसलाई यसपछि वित्तीय संस्था भनी सम्बोधन गरिने छ । | **कम्पनीको नाम:** यस कम्पनीको नाम"गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा Ganapati Laghubitta Bittiya Sanstha Limited भनिनेछ । जसलाई यसपछि वित्तीय संस्था भनी सम्बोधन गरिने छ । | नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम परिवर्तन प्रस्ताव गरिएको । |
| प्रबन्धपत्रको दफा ६(ख) | वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रु.१०,३५,००,०००/– (अक्षरुपी दश करोड पैंतिस लाख मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००/–का दरको १०,३५,००० (दश लाख पैंतिस हजार) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रु.१६,६१,१७,५००/–(अक्षरुपी सोह्र करोड एकसट्ठी लाख सत्र हजार पाँचसय मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००/–का दरको १६,६१,१७५ (सोह्र लाख एकसट्ठी हजार एक सय पचहत्तर) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | ७ प्रतिशत बोनश तथा २:१ का दरले हकप्रद जारी गरी चुक्ता पूजी वृद्धि गर्ने भएकाले । |

| | | | |
|---|---|---|---|
| | | | |
| प्रबन्धपत्रको दफा ६(ग) | वित्तीय संस्थाको संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. ७,००,००,००० (अक्षेरुपी सात करोड मात्र) हुनेछ । | वित्तीय संस्थाको संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. ११,२३,५०,००० (अक्षेरुपी एघार करोड तेइस लाख पचास हजार मात्र) हुनेछ । | |
| नियमावलीको नियम ३२ (१) (ख) | संचालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष्यले रु. २०००/- र अन्य संचालकले पाउने प्रति बैठक भत्ता रु. १५००/- हुनेछ ।<br>तर यस्तो व्यवस्था वित्तीय कारोवार गर्ने इजाजतपत्र प्राप्त भए पश्चात मात्र लागु हुनेछ । | संचालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष्यले रु. ६०००/- र अन्य संचालकले पाउने प्रति बैठक भत्ता रु. ५०००/- हुनेछ ।<br>तर यस्तो व्यवस्था वित्तीय कारोवार गर्ने इजाजतपत्र प्राप्त भए पश्चात मात्र लागु हुनेछ । | समय सापेक्ष हुनेगरी प्रस्ताव गरिएको । |
| **नियमावलीको नियम ३२ (१) (ग)** | वित्तीय **संस्थाको** कामको सिलसिलामा संचालकलाई प्रदान गरिने यातायात खर्च विल बमोजिम, दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।<br>(अ) स्वदेशमा दैनिक भत्ता रु. २०००/-<br>(आ) भारतमा दैनिक भत्ता भा.रु. २०००/- | वित्तीय संस्थाको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने यातायात खर्च विल बमोजिम, दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।<br>(अ) स्वदेशमा दैनिक भत्ता रु. ५०००/-<br>(आ) भारतमा दैनिक भत्ता भा. रु. ५०००/- | समय सापेक्ष हुनेगरी प्रस्ताव गरिएको । |

४. संस्थाले एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने तथा प्राप्ती गर्ने वा प्राप्ती हुन जाने प्रयोजनका लागि उपयुक्त लघुवित्त संस्थाहरु पहिचान गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तीक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ती तथा दायित्वहरुको मुल्याङ्न गर्न परामर्शदाता, मुल्याङ्नकर्ता, लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने तथा Acquisition/Merger सँग सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव सभा समक्ष पेश हुँदा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

५. रेमिट्यान्स सम्बन्धी कारोवार गर्न वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा उद्देश्य थप गर्ने प्रस्ताव सभा समक्ष पेश हुँदा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरियो । साथै, प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट स्वीकृत गराउने क्रममा कुनै थपघट गर्न वा सच्याउन वा फेरबदल गर्नुपर्ने भएमा सो कार्यको लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव समेत सर्वसम्मतिले पारित गरियो ।

## उद्देश्य थप सम्बन्धी पूर्ण विवरण निम्न अनुसार रहेकोछ ।

| दफा | हाल भएको व्यवस्था | संशोधनका लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| प्रबन्धपत्रको दफा ५ वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु (त) | **नभएको** | जनस्तरमा वित्तीय सेवा पुर्याउन तथा वैधानिक रकम स्थानान्तरणको कार्य गर्न विभिन्न सेवा प्रदायकसंग सम्झौता गरी विप्रेशण सेवा उपलब्ध गराउने । | ग्राहक सदस्यहरुको आवश्यकतालाई मध्यनजर गरी प्रस्ताव गरिएको । |

## ग विविध

१. यस अवधिमा संचालकहरु मनोनित नभएको र अन्य विविध प्रस्तावहरु समेत प्राप्त हुन नआएको हुँदा विविध प्रस्ताव उपर यस तेस्रो वार्षिक साधारण सभाको निर्णयको आधिकारिकताका लागी संचालक समितिको अध्यक्ष, एक संचालक तथा कम्पनी सचिवको हस्ताक्षर हुने निर्णय गरियो ।

## धन्यवाद/सभा विसर्जन

सभाको सभापतित्व गर्नुभएका सञ्चालक समितिका अध्यक्ष श्री युवराज भण्डारीज्यूबाट यस तेस्रो वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आमन्त्रित महानुभावहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै आ-आफ्नो भूमिका कुशल पूर्वक निर्वाह गरी सभालाई सफल बनाउन सहयोग गर्नुहुने सम्पुर्ण महानुभावहरुलाई धन्यवाद दिँदै सभा विसर्जन गर्नु भयो ।

| | | |
|---|---|---|
| .................. | .................. | .................. |
| युवराज भण्डारी | इन्द्र बहादुर अधिकारी | अच्युत राज सार्पकोटा |
| (अध्यक्ष) | (संचालक) | (कम्पनी सचिव) |